नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २४८ २०८३ साल बैशाख २८ गते सोमबार (11 May 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सहकारी नियमन प्राधिकरणको ... ३ पृष्ठमा : विपद् जोखिम न्यूनीकरणका ... ३ पृष्ठमा : होर्मुज क्षेत्रमा तनावबीच ...

# खरानीमा गहना खोज्दै अग्निपीडित



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका ६ बभनगामा टोलमा आगलागी भएको भोलि पल्ट आईतबार बिहानैदेखि अग्निपीडितले आफ्ना सम्पती मध्ये केही जोगियो कि भन्ने आशमा खरानीमा खोजि रहेका छन् ।

सम्पतीका नाममा भएका केही सुन, चाँदीका गरगहना तथा नगद समेत जलेपछि अग्निपीडितहरु खरानी भएको घरको आगनमा थुप्रिएको माटोमा गहना खोजिरहेका छन् ।

अघिल्लो दिन शानिबार साझ ७ बजे तिर भएको आगलागीमा परी सो वडाका जुगाई यादव, जोगीन्द्र यादव, गीरिजा यादव, पिंकी कुमारी यादव, राजेन्द्र यादव, धिरेन्द्र यादव, राजकुमार यादव, रामअवतार यादव लगायत १० परिवारका २० घर जलेर पूर्ण रुपमा खरानी भएको छ ।

स्थानीय बासीन्दाहरुका अनुसार टोलका अधिकांश पुरुष छिमेकी टोलमा एक बैवाहिक कार्यक्रममा गएका बेला अचान आगलागी सुरु भएको थियो ।

विद्युत सर्ट भई जुगाई यादवको गाई गोठबाट सल्केको आगो तत्काल नियन्त्रणको उपाय हुन नसक्दा फैलिएर १० परिवारलाई बेघर बनाएको हो ।

स्थानीयबासिका साथै हनुमाननगर कंकालिनी नगरपालिका र मधेश प्रदेश प्रहरी तालिम केन्द्रको बारुण यन्त्र तथा प्रहरीको सहयोगमा ३ घण्टाको प्रयास पछि आगोमाथि नियन्त्रण कायम गरिएको थियो ।

अग्निपीडितहरुले घरका साथै लताकपडा, भाडाकुडा, खाद्यन्न तथा सुन चाँदीका गरगहना र नगद समेत गरी ५० लाख बराबरको सम्पत्ती जलेर खरानी भएको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरी प्रवक्ता डम्बर बहादुर पुरीले आगलागिबाट भएको क्षतिको यकिन विवरण संकलन गर्ने कार्य जारी रहेको जनाएका छन् ।

यसैबीच सप्तरी उद्योग वाणिज्य संघले अग्निपीडितहरूलाई आइतबार प्रति परिवार चामल २५ केजी, भुजा ३ केजी, दाल २ केजी, खाने तेल २ लिटर, नुन २

*बाँकी दुई पृष्ठमा*

# बस दुर्घटना हुँदा चालकसहित १७ जना घाइते

**दैनिक समाचारदाता**
**धनुषा, २७ वैशाख ।**

पूर्व-पश्चिम सडकखण्डअन्तर्गत जिल्लाको मिथिला नगरपालिका-०९ फुटबल ग्राउण्ड नजिक आज बिहान बस दुर्घटना हुँदा १७ जना घाइते भएका छन् ।

काठमाडौँबाट विराटनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस अर्को बसलाई उछिन्ने क्रममा अनियन्त्रित भई सडकमै पल्टिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केवरका अनुसार बसमा ३३ यात्रु रहेकामा चालकसहित १७ जना घाइते भएका हुन् । घाइतेहरूको लालगढस्थित मोडल अस्पतालमा उपचार भइरहेको छ ।

# पाँच दिने आईसीटी तालिम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा सञ्चालन गरिएको पाँच दिने आईसीटी तालिम आइतबार सम्पन्न भएको छ ।

पाँच दिनसम्म सञ्चालन गरिएको तालिममा क्याम्पसका १५ जना प्राध्यापक तथा विज्ञान, शिक्षा र व्यवस्थापन संकायका स्नातक तह अन्तिम वर्षका ३५ जना विद्यार्थी गरी ५० जनाको सहभागिता थियो ।

तालिममा सहभागीहरूलाई कृत्रिम बुद्धिमत्ता (एआई), गुगल टुल्स, गुगल शीट, डक्स, मिट, क्लासरुम, क्यालेन्डर, वेबसाइट सञ्चालन, रिसर्च कार्य, गुगलमा आर्टिकल प्रकाशन, साइबर सुरक्षा, थेसिस लेखन सामग्री तयारी तथा

*बाँकी अन्तिम पृष्ठमा*

# सत्ता साझेदार दलहरूले वर्तमान मधेश सरकारलाई निरन्तरता दिने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

मधेस प्रदेश सरकारमा सहभागी सत्ता साझेदार दलहरूले वर्तमान सरकारलाई निरन्तरता दिने निर्णय गरेका छन् ।

आइतबार बसेको सत्ता साझेदार दलका बैठकले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई समर्थन कायम राख्दै विश्वासको मत दिने निर्णय गरेको छ ।

निर्णयमा कांग्रेसको तर्फबाट दलका नेता तथा मुख्यमन्त्री कृष्णप्रसाद यादव, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव, नेकपाका संसदीय दलका नेता युवराज भट्टराई र लोसपा संसदीय दलका नेता जयनुल राइनले हस्ताक्षर गरेका छन् ।

सत्ता साझेदार दलहरूको यस निर्णयसँगै मधेस प्रदेश सरकार तत्कालका लागि स्थिर रहने सङ्केत देखिएको छ । विपक्षी दलहरूको गतिविधि र आगामी विश्वासको मत प्रक्रियाले प्रदेशको राजनीतिक समीकरणलाई थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

**सडक सुरक्षा**

सडकमा हिड्दा होसियार बनौं, नियम मानेर अनुशासित बनौं
हेलमेट, सिटबेल्ट, नबिर्सौं, जीवनलाई सुरक्षित बनाऔं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

मोबाइलमा होइन सडकमा हेरौं, जीवन लिने दुर्घटना टारौं ।
सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई जोखिममा नपारौं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

रात होस् वा दिन, नियम पालना, सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं,
आफ्नो र अरुको ज्यान बचाऔं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

## सम्पादकीय ....

### दीर्घकालीन समाधानका लागि गम्भिर बनौं

सप्तरी जिल्लाको सडक अवस्थाले स्थानीयवासीको जीवन कष्टकर बनाएको छ। बर्षा लागेपछि सडक हिलोमैलो, खाल्डाखुल्डी तथा दुर्घटनाको थलो बन्छ भने हिउँदमा धुलोको मुस्लोले स्थानीयवासीको स्वास्थ्यमा समेत असर पुर्याइरहेको छ। सबैभन्दा चिन्ताजनक पक्ष स्थानीय तहदेखि केन्द्रसम्मका सरोकारवाला निकायहरू समस्या बुझेर पनि मौन बसेको देखिनु हो। बजेट विनियोजन भए पनि कामको गुणस्तर कमजोर हुनु, ठेकेदारको लापरबाही र अनुगमन प्रणालीको अभावले गर्दा सडक निर्माणका नाममा मात्रै खर्च हुने गरेको छ।

कृषि उपजको बजारमा सहज पहुँच नहुँदा किसान मर्कामा परेका छन् भने विद्यार्थी, बिरामी र मजदुर वर्ग बढी प्रभावित भएका छन्। सम्बन्धित निकायले जिम्मेवारीपूर्वक सडक मर्मत र निर्माण कार्यमा पारदर्शिता, गुणस्तर र समयसीमाको पालना गर्नुपर्छ। यस्तो अवस्थाले केवल जनताको दैनिक जीवनमा असर मात्र पारेको छैन, आर्थिक गतिविधिमा समेत बाधा पुऱ्याएको छ।

तसर्थ जिल्लका सडक समस्याको दीर्घकालीन समाधानका लागि सरोकारवाला निकायदेखी जनतासम्मले खबरदारी गर्नु अति जरुरी रहेको छ। यसका लागि आवद्ध सम्पूर्ण निकाय सक्रिय हुनु उत्तिकै जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदका लागि दरखास्त आह्वान

काठमाडौँ, २७ वैशाख (रासस)।
सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि दरखास्त आह्वान गरेको छ।

'सहकारी ऐन २०७४' तथा 'प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी मापदण्ड २०८३' अनुसार इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको हो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार, अध्यक्ष पदका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरेको हुनुपर्नेछ।

यस्तै, नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्य गरेको वा अन्तरराष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको योग्यता हुनुपर्ने योग्यता तोकिएको छ।

त्यस्तै विज्ञ सदस्यका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरेको हुनुपर्नेछ। यस्तै, अन्तरराष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १० वर्ष कार्य गरेको अनुभव माग गरिएको छ।

सूचनाअनुसार उक्त योग्यता पुगेका र ६० वर्ष उमेर पूरा नभएकाहरुले उक्त पदका लागि दरखास्त दिन सक्नेछन्। उनीहरुले दरखास्त बुझाउँदा वित्तीय सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसरसहितको कार्ययोजनासमेत पेस गर्नुपर्नेछ। सूचना जारी भएको १५ दिनभित्र ललितपुरको पुलचोकस्थित राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यालयमा दरखास्त दिन सकिनेछ।

यसअघि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका ठूला ऋणीको नाम सार्वजनिक गरेको थियो।

समितिका अनुसार शनिबार समस्याग्रस्त घोषित १० वटा सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक गरिएको छ। समितिले सूचना जारी गर्दै सम्बन्धित ऋणीहरूले यथाशीघ्र समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्ता गर्न भनेको छ। अन्यथा कानुनबमोजिम असुली गरिने जनाएको थियो।

# अनुसन्धानका लागि पालिएका ५० लाखका पन्छी क्षति

पर्सा, २७ वैशाख (रासस)।
राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धानका लागि पालिएका पन्छीमा बर्डफ्लु देखिएपछि करिब रु ५० लाख बराबरको नोक्सानी भएको छ।

गत चैत अन्तिम साता देखापरेको बर्डफ्लुको कारणले बाराको परवानीपुरस्थित राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पालिएका आधा दर्जन प्रजातिका पन्छी र सोको आहारसमेत नष्ट गर्नुपरेको हो।

राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम परवानीपुरका सूचना अधिकारी खमबहादुर प्रजाले चैतको अन्तिम साता यहाँ पाल्दै आएको पन्छीमा बर्फ्डफ्लु पुष्टि भएपछि करिब रु ४५ देखि ५० लाखको नोक्सानी व्यहोर्नुपरेको बताउनुभयो। "टर्की जातको पन्छीमा बर्डफ्लु देखिएपछि एकपछि अर्को गर्दै फार्ममा पालिएका अन्य प्रजातिका पन्छीमा बर्डफ्लु देखिएपछि सबै नष्ट गर्नुपरेको हो", उहाँले भन्नुभयो, "सम्पूर्ण प्रक्रिया पूरा गरेर यहाँ पाल्दै आएका पन्छीहरू, अण्डा र दानाहरूको समेत नष्ट गरेका छौँ।"

बर्फ्डफ्लुको कारणले करिब दुई हजार कुखुराको चल्ला, करिब १२ सयको हाराहारीमा गिरीराजलगायत कुखुराको प्रजाति, तित्रा ३३ वटा, सेतो/कालो टर्की ४७ वटा, बट्टाई करिब ४५० वटा नष्ट गरिएको कार्यालयले जनाएको छ। त्यस्तै एल वान दाना ८३५ किलोग्राम, एलटु दाना ४५५ किलोग्राम र एलथ्रि एक हजार ८३५ किलोग्राम दाना नष्ट गरिएको छ। सूचना अधिकारी प्रजाले बर्डफ्लु देखिएको फार्ममा अहिले चुना छर्किने, मल पुर्ने, आगोको तापले पोल्नेलगायतका निर्मलीकरणका काम भइरहेको बताउनुभयो।

"कार्यालयले यसअघि कृषकहरूलाई उपलब्ध गराएको विभिन्न प्रजातिका पन्छी ल्याउने पनि प्रयास भइरहेको छ", उहाँले भन्नुभयो, "राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पोखरा र नेपालगञ्जमा रहेका कार्यालयबाट आवश्यक पर्ने पन्छी तथा अण्डाहरू ल्याएर फेरि पुन सञ्चालन गर्ने आवश्यक तयारीमा जुटिसकेका छौँ।"

# बुद्धका शिक्षासँग जेनेभा महासन्धिको सम्बन्धबारे जेनेभामा उच्चस्तरीय विमर्श

काठमाडौँ, २७ वैशाख (रासस)।
संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय सङ्गठनहरूका लागि जेनेभास्थित नेपालको स्थायी नियोगले शुक्रबार बुद्ध पूर्णिमाका अवसरमा 'बुद्ध, जेनेभा महासन्धि र विश्व शान्ति' विषयमा उच्चस्तरीय छलफल आयोजना गरेको छ।

त्यस अवसरमा बुद्धका अहिंसा, करुणा, सचेतना तथा शान्तिपूर्ण सहअस्तित्वसम्बन्धी शिक्षाले युद्ध सीमित गर्ने र मानव सुरक्षामा केन्द्रित जेनेभा महासन्धिको मानवीय मूल्यमान्यतासँग पूरक सम्बन्ध राख्ने विचार वक्ताहरूले व्यक्त गर्नुभएको थियो।

उक्त नियोगले जारी गरेको प्रेस विज्ञप्तिअनुसार जेनेभास्थित प्याले दे नेसन्समा आयोजित कार्यक्रममा नेपालका स्थायी प्रतिनिधि राजदूत रामप्रसाद सुवेदी, स्वीस महासङ्घको सङ्घीय विदेश मामिला विभागअन्तर्गत एशिया-प्रशान्त महाशाखाका प्रमुख मार्कस लाइट्नर, मङ्गोलियाकी स्थायी प्रतिनिधि दावासुरेन गेरेल्मा, थाइल्याण्डकी स्थायी प्रतिनिधि उसाना बेरानान्दा, अन्तरराष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासङ्घ (आइएफआरसी) का महासचिव जगन चापागाईं, शान्तिका लागि विश्वविद्यालय (युपिस)का स्थायी पर्यवेक्षक डेभिड फर्नान्डेज पुयाना, अन्तरराष्ट्रिय रेडक्रस समिति (आइसिआरसी) की अन्तरराष्ट्रिय कानुन नीति तथा अभिलेख निर्देशक इभा स्वोबोडा तथा जेनेभा ग्राजुएट इन्स्टिच्युटकी निर्देशक मेरी-लउरे साल्सले बुद्धका उपदेशबारे मन्तव्य व्यक्त गर्नुभएको थियो।

राजदूत लाइट्नरले विश्वमा शान्ति कायम गर्न बुद्धले गर्नुभएको योगदानको स्मरण गर्दै नेपाल-स्वीट्जरल्यान्डबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको र दुई देशबीचको मित्रता एवं सहकार्य सघन भएको बताउनुभयो।

साथै बङ्गलादेश, भुटान, कम्बोडिया, भारत, लाओस, मेक्सिको, सिङ्गापुर, श्रीलङ्का, भियतनाम, नर्वे तथा पाकिस्तानका प्रतिनिधिहरूले पनि बुद्धका उपदेशबारे धारणा राखेका थिए।

कार्यक्रममा स्वीट्जरल्यान्ड सरकार, विभिन्न अन्तरराष्ट्रिय सङ्गठन, शैक्षिक क्षेत्र, नागरिक समाज तथा सरोकार भएका अन्य निकायका प्रतिनिधिसहित एक सय जनाभन्दा बढीको उपस्थिति थियो।

उक्त कार्यक्रमले नेपाल-स्वीट्जरल्यान्डबीचको ७० वर्षे कूटनीतिक सम्बन्ध, बुद्धका शिक्षासँग जेनेभा महासन्धिको अन्तरसम्बन्ध तथा लुम्बिनी र जेनेभाबीचको सम्बन्धलाई पुनः जोड्ने अवसर प्रदान गरेको विज्ञप्तिमा जनाइएको छ।

# सडक, पुल र अस्पताल निर्माण गर्न स्रोत सहमतिका लागि आयोगको सिफारिस

काठमाडौँ, २७ वैशाख (रासस)।
राष्ट्रिय योजना आयोगले विभिन्न आठ वटा सडक आयोजनाको बहुवर्षीय स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गरेको छ।

आयोगको हालैको बैठकले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट कार्यान्वयनमा रहेका धनगढी-खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ सडक, खुलालु-सल्लिसल्ला सडक र सोअन्तर्गतका छ वटा पुल, कर्णाली कोरिडोरको उत्तर खण्ड (हिल्सा-सिमकोट) सडक, लेले भारदेव-चन्दपुर ठूला दुर्लुङ सडक, भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) रिम्ना सडक खण्डका १४ वटा पुल, रोल्पास्थित सहिद मार्गका लागि स्रोत सहमतिका लागि सिफारिस गरेको हो।

भौतिक पूर्वाधार मन्त्रालयबाट जम्मा बहुवर्षीय स्रोत सहमतिका लागि रु नौ अर्ब ९० करोड प्रस्ताव भएको थियो। शहरी विकास मन्त्रालयअन्तर्गत विभिन्न ५३ आयोजनाका लागि पनि रु तीन अर्ब ८१ करोड सात लाख बहुवर्षीय स्रोत सहमतिका लागि सिफरिस गरिएको छ।

आयोगले नरदेवीस्थित आयुर्वेद चिकित्सालय (ब्लक बी), लगनखेलस्थित मानसिक अस्पताल, अछाम जिल्ला अस्पताल र प्राकृतिक तथा वैकल्पिक चिकित्सा विधासहितको १०० शय्याका आयुर्वेद अस्पताल भवन निर्माणका लगि सुरु विनियोजन रकमको चार गुणाभन्दा बढी नहुने गरी स्रोत सहमतिका लागि अर्थमा सिफारिस गरेको छ।

### खरानीमा गहना ...

केजी, पानी १ कार्टुन, त्रिपाल १ थान र आलु १० केजीका दरले बितरण गरेको छ।

यस्तै राससका अनुसार सप्तरीको रूपनी गाउँपालिका १ रूपनी बस्ने ३० वर्षीय रामलखन यादवको घरमा आइतबार बिहान आगलागी हुँदा करिब १ लाख ८४ हजार बराबरको धनमाल जलेर नष्ट भएको छ।

# विपद् जोखिम न्यूनीकरणका लागि प्रहरी तयारी अवस्थामा

काठमाडौँ, २७ वैशाख (रासस)।
जल तथा मौसम विज्ञान विभागले यसवर्षको मनसुन आगामी जेठ १८ गतेदेखि प्रारम्भ हुने अनुमान गरेको छ। आगामी असोज १४ सम्म रहने मनसुनमा मुलुकका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने विभागको पूर्वानुमान छ।

मनसुनजन्य विपद्का कारण मुलुकमा बर्सेनि ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। विपद्को वार्षिक आँकडाका आधारमा सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो एक दशकमा मनसुनजन्य विपद्बाट मुलुकभर तीन हजार ७४ जनाको मृत्यु भएको छ। ती घटनामा परी पाँच सय दुई जना बेपत्ता, चार हजार ७६९ जना घाइते तथा ३३ हजार १९८ घरपरिवार प्रभावित भएका छन्।

गतवर्ष मात्रै बाढी, पहिरो, भारी वर्षा र चट्याङबाट एक सय ४० जनाको मृत्यु, ३० बेपत्ता, तीन सय घाइते तथा पाँच हजार ९९५ परिवार प्रभावित भएका थिए। जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको उच्च जोखिममा छ।

मनसुनजन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याउने तयारी गरेको छ। कार्ययोजनाको मस्यौदालाई पूर्णता दिन आगामी सोमबार सरोकार भएकाहरूसँग छलफल गर्न लागिएको प्राधिकरणका निर्देशक रामबहादुर केसीले जानकारी दिनुभयो।

मनसुनजन्य विपद्सँग जुध्न नेपाल प्रहरीसहितका सुरक्षा सङ्गठनले पूर्वतयारी र प्रतिकार्यलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका छन्। केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्ले उपलब्ध साधनस्रोतको उच्चतम प्रयोग गर्दै मौसमजन्य विपद् प्रतिकार्यका लागि पूर्वतयारीका सम्पूर्ण कार्य भइसकेको बताउनुहुन्छ।

"विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरण गर्न दक्ष र स्रोतसाधनयुक्त प्रहरी कर्मचारीलाई तयारी अवस्थामा राखेका छौँ। पहिरो जाने सम्भावित क्षेत्रको पहिचान गरिएको छ। विपद्बाट राष्ट्रिय राजमार्ग अवरोध नहोस् भनेर सतर्कता अपनाएका छौँ", उहाँले राससँग भन्नुभयो।

प्रहरीले हाल विभिन्न माध्यमबाट नागरिकलाई सम्भावित विपद्बारे सुसूचित गराइरहेको छ। बाढीपहिरो तथा भत्केका संरचनामा फसेका नागरिकको उद्धार, आगलागी नियन्त्रणलगायत विपद् प्रतिकार्यसम्बन्धी पूर्वाभ्यास भइसकेका छन्।

प्रहरी नायब महानिरीक्षक काफ्लेले प्रहरीका तल्ला युनिटसम्म सम्भावित विपद्को पहिचान र प्रतिकार्यको तयारी तथा त्यसका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन भइसकेको बताउनुभयो। "नागरिकलाई ढुक्क हुन सक्ने अवस्था सिर्जना गरेका छौँ। सबै प्रदेशमा उद्धार तथा राहत सामग्री पुगिसकेका छन्। जिल्ला सुरक्षा समितिले विगतमा भएका विपद्जन्य घटनाको अभिलेखका आधारमा यसवर्ष हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गरेको छ", उहाँले भन्नुभयो।

विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले शुक्रबार बूढानीलकण्ठ नगरपालिका कपनस्थित केन्द्रीय विशेष कार्यदलमा 'आइए ड्रिल', हतियार खोल जोड अभ्यास तथा बन्धक बनाइएका व्यक्तिहरूको उद्धारको नमुना अभ्यास प्रदर्शनी गरेको थियो। सोही कार्यक्रममा विपद् प्रतिकार्य तथा तालिम केन्द्रको टोलीले अग्नि नियन्त्रण तथा उद्धार अभ्यास, विपद् सामग्रीको प्रदर्शनी तथा विपद् तयारी सम्बन्धमा विशेष प्रस्तुति दिएको थियो।

# सङ्घीय संसद्को बजेट अधिवेशन सोमबारदेखि, भोलि नै नीति कार्यक्रम प्रस्तुत हुने

काठमाडौँ, २७ वैशाख (रासस)।
सङ्घीय संसद्को बजेट अधिवेशन भोलि सोमबारदेखि प्रारम्भ हुँदैछ। भोलि नै सरकारको नीति कार्यक्रम पनि प्रस्तुत हुने भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का दुवै दुवै सदनको संयुक्त बैठकलाई भोलि सम्बोधन गर्ने कार्यक्रम रहेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरिले राससलाई बताउनुभयो।

नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले अपराह्न ४:०० बजे सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने उहाँले जानकारी दिनुभयो।

उक्त धारामा प्रतिनिधिसभाको निर्वाचन भएपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने प्रावधान छ।

राष्ट्रपति पौडेलबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा अपराह्न ३ :४५ बजे अगावै उपस्थित हुन प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यलाई संसद् सचिवालयले अनुरोध गरेको छ।

त्यसअघि अपराह्न २:०० बजे प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक हुनेछन्। संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रबारे जानकारी दिने, मन्त्रिपरिषद्को हेरफेरसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त सूचनाबारे सदनलाई अवगत गराउने सम्भावित कार्यसूची छ।

त्यसैगरी, सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २६० बमोजिम जारी भएको बाधा अड्काउ फुकाउ अनुमोदनका लागि पेस हुने, प्रतिनिधिसभा नियमावलीको मस्यौदा पेस हुनेलगायत कार्यसूची छ।

यसैगरी, सरकारबाट जारी भएका 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३', 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३', 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश, २०८३' लगायत आठ अध्यादेश पेस गर्ने कार्यसूची रहेको संसद सचिवालयले जनाएको छ। राष्ट्रियसभाको बैठकमा पनि ती अध्यादेशहरु पेस हुनेछन्।

# 'सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनप्रति नेपाल प्रतिबद्ध छ'

काठमाडौँ, २७ वैशाख (रासस)।
संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन प्रवर्द्धनप्रति नेपाल प्रतिबद्ध रहेको बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा शनिबार भएको दोस्रो अन्तरराष्ट्रिय आप्रवासन समीक्षा मञ्चको बहसमा उहाँले सुरक्षित एवं व्यवस्थित आप्रवासनमा जोड दिँदै आएको नेपाल प्रमुख श्रम आपूर्तिकर्ता राष्ट्का भएकाले सुरक्षित र मर्यादित आप्रवासनका पक्षमा दृढ रहेको बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले करिब ४० लाख नेपाली आप्रवासी श्रमिकले श्रम गरेको मुलुकको अर्थतन्त्र तथा नेपालको विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गर्नुभयो। विप्रेषण, सीप र ज्ञान हस्तान्तरणमार्फत आप्रवासी नेपालीले नेपालको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका उहाँले बताउनुभयो।

उहाँले भर्ती प्रणाली, लैङ्गिक उत्तरदायी आप्रवासन नीति, सीप विकास, मानव बेचबिखन नियन्त्रण, सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सामाजिक सुरक्षाको व्यवस्था र भर्ती सेवाको 'डिजिटल' प्रणालीकरणलगायत क्षेत्रमा नेपालले सुधारका विभिन्न पहल अघि बढाएको जानकारी दिनुभयो।

राजदूत थापाले अनियमित आप्रवासन, मानव बेचबिखन, श्रम शोषण तथा समन्वय अभावजस्ता चुनौती विद्यमान रहेका उल्लेख गर्दै ती समस्याको समाधानका लागि अन्तरराष्ट्रिय सहकार्य र साझा जिम्मेवारी आवश्यक भएकामा जोड दिनुभयो।

## वैशाखभित्रै एसइई नतिजा सार्वजनिक हुने

काठमाडौँ, २७ वैशाख (रासस)।
परीक्षा नियन्त्रण कार्यालयले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनको तयारी थालेको छ।

गत चैत१९ देखि २९ गतेसम्म सञ्चालन भएको उक्त परीक्षाका उत्तरपुस्तिका परीक्षा समाप्त हुनासाथ परीक्षण एवं सम्परीक्षणई थालेको उक्त कार्यालयले यही वैशाख २९ गतेभित्र परीक्षाफल सार्वजनिक गर्ने राष्ट्रिय परीक्षा बोर्डले बताएको छ।

परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार हाल ३५ जना कर्मचारी 'टेबुलेसन'मा व्यस्त छन्। वैशाख २९ गतेभित्र परीक्षाफल प्रकाशन गर्ने लक्ष्य छ।

'माध्यमिक शिक्षा परीक्षा (एसइई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र उत्तरपुस्तिका परीक्षण गरिसक्नुपर्ने व्यवस्था छ।

गत वर्ष नियमित र स्तरवृद्धितर्फ गरी पाँच लाख १२ हजार ४२१ विद्यार्थी परीक्षामा सहभागी भएका थिए।

# विश्व समाचार

## होर्मुज क्षेत्रमा तनावबीच कूटनीतिक प्रयास जारी

तेहरान, २७ वैशाख (रासस/एएफपी)।
इरानको इस्लामिक रिभोलुसनरी गार्ड्सले यदि इरानी ट्याङ्कर तथा व्यापारी जहाजहरूलाई आक्रमण गरिएमा क्षेत्रीय रूपमा रहेका अमेरिकी लक्ष्यहरूमा कडा प्रतिक्रिया दिन सकिने चेतावनी दिएको छ।

इरानी सञ्चारमाध्यमका अनुसार गार्ड्सले इरानी जहाज वा व्यापारिक ढुवानीमा कुनै प्रकारको आक्रमण भएमा त्यसको गम्भीर जवाफ दिइने स्पष्ट पारेका छन्। यो अभिव्यक्ति हालै ओमानको खाडीमा देखिएको तनावपछि आएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले शान्ति प्रस्तावको पछिल्लो पहलमा छिट्टै प्रतिक्रिया दिने अपेक्षा व्यक्त गर्नुभएको छ। यद्यपि, इरानले अहिलेसम्म आफ्नो आधिकारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन।

इरानका विदेशमन्त्री अब्बास अराघचीले पछिल्ला घटनाक्रमले कूटनीतिक प्रक्रियामा केही चुनौती थपिएको बताउँदै सबै पक्षले संयमता र संवादलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

यसैबीच, होर्मुज जलडमरूमध्य र खाडी क्षेत्रमा पछिल्ला दिनहरूमा तनावपूर्ण अवस्था देखिएको छ। समुद्री मार्ग र ऊर्जा ढुवानी सुरक्षालाई लिएर अन्तर्राष्ट्रिय समुदायले चासो व्यक्त गर्दै सबै पक्षलाई संयम अपनाउन आग्रह गरेको छ।

खार्ग टापु नजिक तेल चुहावटको सङ्केत देखिएको विषयमा पनि सम्बन्धित निकायहरूले निगरानी बढाएका छन्, यद्यपि यसको कारणबारे स्पष्ट जानकारी आइसकेको छैन। क्षेत्रीय शान्ति र स्थायित्वका लागि कूटनीतिक प्रयास जारी रहने अपेक्षा गरिएको छ।

## युद्धको प्रभावले ऊर्जा बजारमा ठूलो उतारचढाव

पेरिस, २७ वैशाख (रासस/एएफपी)।
मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा अवरोध र मूल्यमा तीव्र वृद्धि भएपछि युरोपका ठूला तेल तथा ग्यास कम्पनीहरूले पहिलो त्रैमासिकमा ठूलो नाफा कमाएका छन्। यससँगै लन्डनदेखि पेरिससम्म उनीहरूको 'असामान्य नाफा'मा थप कर लगाउनुपर्ने माग पुनः उठ्न थालेको छ।

'शेल' ले हालै आफ्नो नाफा सार्वजनिक गर्दै पहिलो त्रैमासिकमा करिब ५.७ अर्ब अमेरिकी डलर (झण्डै ४.८ अर्ब युरो) खुद नाफा कमाएको जनाएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १९ प्रतिशतले बढी हो। कम्पनीका अनुसार नाफा वृद्धि उच्च तेल मूल्य, सुधारिएको रिफाइनिङ मार्जिन र व्यापारिक गतिविधिबाट भएको हो।

यस्तै, बीपी ले पनि नाफामा उल्लेखनीय वृद्धि देखाएको छ, जसको खुद नाफा ३.८४ अर्ब डलर पुगेको छ। टोटालइनर्जीको नाफा भने अझ बढी वृद्धि हुँदै ५१ प्रतिशतले बढेर ५.८ अर्ब डलर पुगेको रिपोर्ट गरिएको छ।

यसको विपरीत, अमेरिकी ऊर्जा कम्पनीहरू एक्सनमोबिल र चेभ्रोन को नाफा घटेको देखिएको छ। विशेषज्ञहरूका अनुसार डेरिभेटिभ बजारमा समयान्तर प्रभावका कारण अमेरिकी कम्पनीहरू प्रभावित भएका हुन्।

**तेल मूल्य वृद्धि र होर्मुज सङ्कट**

मध्यपूर्व युद्धका कारण इरानले होर्मुज जलडमरूमध्यमा अवरोध सिर्जना गरेपछि विश्व बजारमा तेल आपूर्ति घटेको छ। यसले मूल्य तीव्र रूपमा बढाएको छ। मार्च महिनामा ब्रेन्ट क्रुड तेलको मूल्य औसत १०० डलर प्रति ब्यारेल पुगेको थियो भने कहिलेकाहीँ १२० डलरसम्म पुगेको उल्लेख छ। युद्धअघि यो मूल्य करिब ७० डलर थियो।

विश्लेषकहरूका अनुसार युरोपेली कम्पनीहरू विशेषगरी लाभान्वित भएका छन् किनभने उनीहरूको व्यापारिक गतिविधि बलियो छ, जसले बजारको उतारचढावबाट अतिरिक्त लाभ लिन सक्षम बनाएको छ। एक ऊर्जा विश्लेषकले बताए अनुसार, यी कम्पनीहरू यस त्रैमासिकमा "परम्परागत तेल कम्पनीभन्दा बढी विश्व ऊर्जा बजारका जटिल ट्रेडरजस्तो" देखिएका छन्।

**कर लगाउने दबाब बढ्दै**

उच्च नाफापछि बेलायत र फ्रान्समा तेल कम्पनीहरूको नाफामा थप कर लगाउने माग बढेको छ। यसअघि युक्रेन युद्धपछि पनि यस्तै 'विन्डफल कर' लागू गरिएको थियो।

बेलायतमा तेल कम्पनीहरू अहिले पनि नर्थ सी क्षेत्रको नाफामा ३८ प्रतिशत अतिरिक्त कर तिर्छन्, जुन सामान्य ४० प्रतिशत करसँगै लागू हुन्छ। तर यो कर केवल घरेलु उत्पादनमा मात्र सीमित छ। अब त्यही करलाई विस्तार गर्नुपर्ने माग बढिरहेको छ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोले पनि अत्यधिक नाफा वा 'सट्टेबाजी शैलीको कारोबार' नियन्त्रण गर्न युरोपेली स्तरमा समन्वय आवश्यक रहेको बताउनुभयो।

**भविष्यको बजार र ऊर्जा रणनीति**

विश्लेषकहरूका अनुसार दोस्रो त्रैमासिकमा पनि कम्पनीहरूको नाफा बलियो रहने सम्भावना छ, किनभने बजार तुरुन्तै सामान्य अवस्थामा फर्कने देखिँदैन।

दीर्घकालीन रूपमा कम्पनीहरू साना, कम लागतका र छिटो उत्पादन गर्न सकिने परियोजनामा ध्यान केन्द्रित गर्न सक्छन्। केही कम्पनीहरूले जलवायु लक्ष्यमा पुनर्विचार गर्दै तेल तथा ग्यास उत्पादनमा निरन्तरता दिने सङ्केत पनि दिएका छन्।

यसैबीच, ऊर्जा सुरक्षा सुनिश्चित गर्न नवीकरणीय ऊर्जाको भूमिकाबारे पनि फेरि बहस सुरु भएको छ।

# सोमबारदेखि सरकारी कार्यालयमा सरसफाइ अभियान

काठमाडौँ, २७ वैशाख (रासस)। आगामी सोमबारदेखि सरकारी कार्यालयमा 'राष्ट्रिय सरसफाइ सप्ताह' सञ्चालन हुने भएको छ।

सरकारले सोमबारदेखि जेठ १ सम्म सङ्घ, प्रदेश र स्थानीय तहका सबै कार्यालयमा सरसफाइ सप्ताह सुरु गर्न थालेको हो। त्यसका लागि सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गनिर्देशन २०८३ समेत जारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शाखा अधिकृत सुवर्ण बज्राचार्यले जानकारी दिनुभयो। सबै सरकारी निकाय तथा शैक्षिक संस्थामा स्वच्छ, स्वस्थ र व्यवस्थित वातावरण कायम गर्न र सरसफाइसम्बन्धी आचारण विकास गर्न सरसफाइ सप्ताह सञ्चालन गर्न थालिएको उहाँले जानकारी दिनुभयो। सप्ताह सञ्चालन गर्न सबै सङ्घ, प्रदेश र स्थानीय तहलाई पत्राचार गरिसकेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा सोमबार बिहान ८:३० बजे वीर अस्पतालबाट सरसफाइ सप्ताहको शुभारम्भ गरिने मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो। सोही समयमा देशैभरिका सबै अस्पतालमा पनि सरसफाई सप्ताह शुभारम्भ हुने र सप्ताहभरि दैनिक रूपमा सरसफाइमा सहभागी हुन आग्रह गरिएको उहाँले बताउनुभयो।

सरसफाइ सप्ताह सञ्चालनका लागि बनाइएको मार्गदर्शनमा तोकिएका सूचक अनिवार्य पूरा गर्नुपर्ने छ। कार्यालय सरसफाइ मापन, शौचालय तथा स्वच्छता मापन, शैक्षिक संस्था र सार्वजनिकस्थलको सरसफाइ, क्यान्टिन तथा भान्साघर स्वच्छता, फोहर व्यवस्थापन मापन, सेवाग्राही अनुभव मापन, संस्थागत दिगोपन मापन सूचक कायम गरिएकाले तिनको पालना गर्न आग्रह गरिएको छ।

# मुलुकको ऊर्जा जडित क्षमता चार हजार २ सय ९६ मेगावाट

काठमाडौँ, २७ वैशाख (रासस)। मुलुकको कूल ऊर्जा जडित क्षमता चार हजार २९६ मेगावाट पुगेको छ। नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत्का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक चार हजार २९६ मेगावाट क्षमता निर्धारण भएको हो। चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५०० मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ। हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन् भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म ६६ केभीभन्दा माथिका करिब सात हजार ३६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। यस्तै, १४ हजार तीन सय २३ एमभिए क्षमताको सवस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब आठ हजार २२५ सर्किट किलोमिटर प्रसारण लाइन तथा तीन हजार ३०८ एमभिए क्षमताको सबस्टेसन निर्माण भएका छन्।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२ दशमलव पाँच प्रतिशतमा सिमित भएको प्राधिकरणले जनाएको छ। प्राविधिक चुहावटलाई क्रमशः घटाउँदै लैजाने लक्ष्य राखिएको छ। सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमशः घटाइने मन्त्रालयले स्पष्ट पारेको छ।

यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट घण्टा बराबर पुगेको छ। हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसङ्ख्या ९९ प्रतिशत बराबर पुगेको छ। हालसम्म विद्युत् निर्यात दुई हजार ९१८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५९० गिगावाट घण्टा भएको छ।

हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२ दशमलव सात मेगावाट बराबर पुगेको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५ दशमलव तीन मेगावाट बराबर विद्युत् उत्पादन भएको छ। सिँचाइतर्फ हालसम्म सिँचाइ सुविधा १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा पुगेको मन्त्रालयले जनाएको छ। सिँचाइयोग्य जमिनमध्ये पाँच लाख ३२ हजार ९० हेक्टरमा भने वर्षभरीमा सिँचाइ सुविधा उपलब्ध रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय विवरणमा उल्लेख छ।

# बजेटका लागि सुझाव संकलन पोर्टल सञ्चालन

काठमाडौँ, २७ वैशाख (रासस)। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव सङ्कलन पोर्टल' सञ्चालनमा ल्याएको छ।

आगामी सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लेटफर्मको सुरुआत गरिएको हो।

यस पोर्टलका माध्यमबाट देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीतिनिर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्वपूर्ण रायसुझाव सिधै सरकारसमक्ष पेस गर्न सक्नुहुनेछ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारको नीतिनिर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो।

दाहालले यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगिने स्पष्ट पार्नुभएको छ।

जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक' गर्ने विशेष सुविधा यस प्रणालीमा समावेश गरिएको छ।

सरकारले यस महत्वपूर्ण डिजिटल पहलमा सक्रियताका साथ सहभागी भई 'समृद्ध नेपाल' निर्माणको महाभियानमा रचनात्मक योगदान पुऱ्याउन सम्पूर्ण नेपालीमा हार्दिक अनुरोध गरेको छ।

नागरिकले मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेबसाइटमार्फत यो पोर्टल प्रयोग गरी आफ्ना रायसुझाव सिधै प्रधानमन्त्रीको सचिवालयसम्म पुऱ्याउन सक्नेछन्।

## पाँच दिने ...

प्रस्तावना लेखन लगायतका विषयमा व्यवहारिक प्रशिक्षण प्रदान गरिएको थियो।

क्याम्पसको रिसर्च म्यानेजमेन्ट सेल (आरएमसी) को आयोजनामा तथा युनिभर्सिटी ग्रान्ट्स कमिसनको सहयोगमा सञ्चालन गरिएको तालिमले सहभागी शिक्षक तथा विद्यार्थीहरूलाई आधुनिक प्रविधिसँग जोड्ने प्रयास गरेको आयोजकले जनाएको छ।

तालिममा प्रशिक्षकका रूपमा सहभागी रामप्रसाद खतिवडा र विजयलाल प्रधानले अहिलेको समयमा अध्ययन र अनुसन्धानलाई प्रविधिमैत्री बनाउन आईसीटी ज्ञान अपरिहार्य भइसकेको धारणा राखे।

समापन कार्यक्रममा बोल्दै क्याम्पस प्रमुख सुशीलकुमार कर्णले तालिमबाट प्राप्त ज्ञानलाई प्रमाणपत्रमा सीमित नराखी व्यवहारमा उतार्न आग्रह गरे।

कार्यक्रममा प्राध्यापकहरू यसबन्त झा, रितनारायण साह, उमेश यादव, रामसफल यादव, अनिलकुमार मण्डल लगायतले तालिमले शैक्षिक तथा व्यावहारिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे। वक्ताहरूले अनुसन्धानमुखी शिक्षा, डिजिटल सामग्री निर्माण तथा साइबर सुरक्षासम्बन्धी ज्ञान अहिलेको आवश्यकता भएको उल्लेख गरेका थिए।

सहभागी विद्यार्थीहरूले पनि तालिमबाट आफूहरूलाई अध्ययन, प्रस्तुतीकरण, अनुसन्धान तथा भविष्यको पेशागत जीवनमा उपयोगी हुने व्यावहारिक ज्ञान प्राप्त भएको प्रतिक्रिया दिएका छन्। विशेषगरी एआई तथा गुगलका विभिन्न डिजिटल प्लेटफर्मको प्रयोगले अध्ययनलाई सहज र व्यवस्थित बनाउन सहयोग पुगेको उनीहरूको भनाइ थियो।

क्याम्पसले आगामी दिनमा पनि यस्ता प्रविधिमैत्री तथा अनुसन्धानमुखी तालिमलाई निरन्तरता दिने जनाएको छ।


## जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*